खावासाकी अन्तर्राष्ट्रिय संघ बहुसांस्कृतिक सहजीवन तथा सहकार्य विभागबाट प्रकाशित

खावासाकी अन्तर्राष्ट्रिय संघ

# KIAN हेल्लो खावासकी

**जापानिज, अंग्रेजी, चाइनिज, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होमपेज(https://www.kian.or.jp/hlkwsk.html) मा पनि प्रकाशित

2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033, जापान

फोन नं.:044-435-7000 फ्याक्स नं.:044-435-7010 https://www.kian.or.jp/ ईमेल:kiankawasaki@kian.or.jp

*******************************************************************************

## विदेशीहरुको लागि जागिर सम्बन्धित सेमिनार

【मिति】2025/7/5 (शनिबार) बिहान 10 बजे देखि 12 बजे सम्म

【स्थान】खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दोस्रो तल्ला, दान्खाचु खाचुदोउ रुम (समूहको कार्यक्रम कोठा)

【लक्षित व्यक्ति】विदेशी विद्यार्थी र विदेशसँग जोडिएको व्यक्तिहरु

【प्रशिक्षक】 किम् स्युन्को (जापान विदेशी संघका उपाध्यक्ष)

【लक्षित संख्या】20 जना सम्म (पहिला आवेदन दिनेलाई पहिलो प्राथमिकता)

【विषयवस्तु】 (1) जागिर खोज्दाको आधारभूत ज्ञान (2) जागिर खोज्ने तरिका

(3) जागिर खोज्दा ध्यान पर्याउने पर्ने कुराहरु (4) जागिर खोज्दाको प्रश्नोत्तर

【सम्पर्क】खावासाकी अन्तर्राष्ट्रिय संघ फोन अथवा ईमेल मार्फत

फोन नं.: 044-435-7000 ईमेल: soudan39@kian.or.jp

**नि:शुल्क सहभागिता**

**अग्रिम बुकिंग गर्नुपर्ने**

आवेदन QR



*******************************************************************************

## विदेशीहरुको लागि "नगरपालिकाले व्यवस्थापन गर्ने आवासको आवेदन फारम" भर्ने तरिका सिकाउने कार्यक्रम



नगरपालिकाले व्यवस्थापन गर्ने आवासको आवेदन दिने इच्छा छ तर फारम भर्ने तरिका थाहा छैन…

त्यसता व्यक्तिहरुलाई सँगै बसेर आवेदन फारम भर्न सिकाउनुको साथसाथै त्यहि बेला भरेको फारम बुझाउन मद्दत गर्ने छौं।

(अंग्रेजी, चाइनिज, कोरियन, उत्तर कोरियान, पोर्तुगाली, स्पेनिश, तागालोग, थाई, नेपाली, भियतनामी भाषाको अनुवाद सुविधा उपलब्ध छ।)

**नि:शुल्क**

आवेदन QR

**मिति र समय: जुन 14 तारिख (शनिबार) बिहान 10:00 देखि 12:00**

**स्थान: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दान्खाचु खाचुदोउ रुम (समूहको कार्यक्रम कोठा)**

**आवेदन दिने म्याद: जुन 12 तारिख (बिहीबार) सम्म फोन, ईमेल अथवा केन्द्रमा आएर बुकिंग गर्नुहोस्।**

**फोन नं. : 044-435-7000 ईमेल: soudan39@kian.or.jp**

**नगरपालिकाले व्यवस्थापन गर्ने आवास** भनेको आवासको समस्या परिरहेको र आम्दानी कम भएकाहरु लक्षित सस्तो भाडामा बस्न मिल्ने गरि सरकार र नगरपालिका मिलेर बनाएको नगरपालिकाको स्वामित्वमा रहेका घरहरु हुन्। निजी आवास भन्दा फरक रहेको यस किसिमको आवासको आवेदनको बेला र बसेपछि पनि आय मापदण्ड जस्ता विभिन्न नियमहरु छन्। कुनै किसिमको विशेष शुल्क तथा नवीकरण शुल्क लाग्दैन। तर प्रत्येक वर्ष तपाईको आय सर्वेक्षणबाट प्रयोग शुल्क (भाडा) निर्धारण हुने गर्छ।

**आवेदनको लागि योग्यता :** (1) 18 वर्ष अथवा सो भन्दा माथिको व्यक्ति (वयस्क)

(2) सम्बन्धित नगरमा बस्ने वा नगरमाको कार्यालयमा 1 वर्ष वा सो भन्दा बढि काम गरेको व्यक्ति

(3) तोकिएको मासिक आम्दानी भन्दा बढी नभएको व्यक्ति

(4) आवासको समस्या परिरहेको व्यक्ति





खावासाकी अन्तर्राष्ट्रिय संघ बहुसांस्कृतिक सहजीवन तथा सहकार्य विभागबाट प्रकाशित

# गर्मि बिदामा बच्चाहरूको लागि भाषा सिक्ने कक्षा




आवेदन QR

**अवधि**: 2025/8/4 (सोमबार), 5 (मंगलबार) र 6 (बुधबार)
**लक्षित संख्या**: प्रति कक्षा 20 जना सम्म (पहिला आवेदन दिनेलाई पहिलो प्राथमिकता)
**पढाई शुल्क**: प्रति व्यक्ति 3,300 येन (पढाई सामग्री सहित)
**स्थान**: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
**आवेदन दिने तरिका**: खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज बाट तोकिएको फारम प्रयोग गरेर आवेदन दिनुहोस्।
**आवेदन दिने म्याद** : 2025/7/17 (बिहीबार)

| कक्षाको नाम | समय | लक्षित कक्षाका विद्यार्थी | प्रशिक्षक |
|---|---|---|---|
| बच्चाको अंग्रेजी भाषाको कक्षा A | दिउँसो 1:00 देखि 2:00 | कक्षा 1 र 2 | एल्डा बेआटोरिस फुजिकुरा (अर्जेन्टिनाको नागरिक) |
| बच्चाको अंग्रेजी भाषाको कक्षा B | दिउँसो 2:30 देखि 3:30 | कक्षा 3 र 4 | |
| बच्चाको स्पेनिश भाषाको कक्षा | बिहान 10:30 देखि 11:30 | कक्षा 1 देखि 5 | ज्योबान्नी इचिखावा (पेरुको नागरिक) |

************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्नहरु भएमा अथवा केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (नि: शुल्क हो। )**

**ZOOM प्रयोग गरेर अनलाइन परामर्श पनि लिन सक्नुहुन्छ। !**

बुकिंग होमपेज बाट गर्नुहोस्

परामर्शको समय **बिहान 9:00 देखि 5:00 (खाजाखाने छुट्टीमा पनि परामर्श सेवा उपलब्ध छ।)**
प्रत्यक्ष सम्पर्क फोन नं.: **044-455-8811**

**परामर्श दातासँग प्रत्यक्ष, फोन, ईमेल, अनलाइन आदि मार्फत परामर्श लिन सक्नुहुन्छ।**
**भाषा अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ।**

| भाषा | बार | समाधान गर्ने तरिका |
|---|---|---|
| सजिलो जापानिज, अंग्रेजी, चाइनिज, पोर्तुगाली, स्पेनिश, तागालोग, नेपाली, कोरियान, थाई, भियतनामी | सोमबार देखि शनिबार | परामर्श दाताले बोल्न सक्ने भाषाहरु (**नोट**) बार अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श गर्ने (**नोट**) शनिबार परामर्श सेवा उपलब्ध छैन। |
| इन्डोनेसियाली | सोमबार देखि शुक्रबार | |
| हिन्दी, फ्रान्सेली, रुसी, मलाय, बर्मेली | सोमबार देखि शुक्रबार | फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ। (**नोट**) शनिबार परामर्श सेवा उपलब्ध छैन। |

अनलाइन परामर्शको आवेदनको लागि

खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज

# प्रशासनिक अधिकृत द्वारा नि:शुल्क परामर्श

प्रशासनिक अधिकृतसँग परामर्श लिन सक्ने विषयहरु धेरै भएता पनि मुख्यतया विभिन्न लाइसेन्सहरुको आवेदन, उत्तराधिकार सम्बन्धित प्रक्रियाहरु, भिषा सम्बन्धित प्रक्रियाहरु, कम्पनी स्थापना, सम्झौता पत्रहरुको तयारी, उत्तराधिकार सम्बन्धि इच्छापत्र तयारी आदि हुन।

**प्रत्येक महिनाको तेस्रो आइतबार परामर्श सेवा उपलब्ध छ।** जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि सशुल्क अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सक्नुहुन्छ।

**2025/ 6/ 15 र 2025/ 7 /20 (आइतबार )** दिउँसो **2:00 देखि 4:00** (केन्द्रको दोस्रो तल्ला संघको बैठक कोठा)